# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग २७ गते २०१२ साल


मुद्रण विभाग, सिंहदरबार

## नेपाल पब्लिक सर्भिस कमिशनको सूचना नं. २३

२०१२।८।१७।६

सरकारी कामलाई ग्राजुएट र सोदेखि माथिका न्यूनतम शैक्षिक योग्यता भएका २४ जवान मानिसहरूको दरकार परेको छ। १५ दिनको अवधि दिई विज्ञापन गरी नेपाली नागरिकता भएका सबैका दरखास्त लिई प. स. कमिशनले नियमानुसार सबै कुराको जाँच बुझ गरी योग्यताको क्रमानुसार सिफारिश पठाउने र सरकारबाट समय समयमा सो सिफारिश भएका मानिसहरूबाट एक सालको प्रोबेशनमा नियुक्त गर्ने सरकारको निर्णयमुताबिक यो सूचना प्रकाशित गर्ने काम भएको छ। छानिनु भएका ग्राजुएटले मासिक मो. रु. १५०। र सो देखि माथिको शैक्षिक योग्यता भएकाले मो. रु. २००। तलब पाउने हुनेछ। अतः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
926

लेखिएबमोजिम, योग्यता पुगेका उमेदवारहरूले २०१२ साल पौष ११ गते रोज २ का ४ बजे सम्ममा यस प. स. कमिशनमा पुग्ने गरी प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा दरखास्त दिनु होला। सो भन्दा पछि दाखिल भएका दरखास्तमा विचार गरिने छैन।

आज्ञाले —

खड्गमान मल्ल

सेक्रेटरी, पब्लिक सर्भिस कमिशन; सिंहदरबार, काठमाडौं, नेपाल

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।